सूचना ६६

## सवारी तथा यातायात व्यवस्था (पाँचौ सशोधन) नियमावली, २०७०

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सवारी तथा यातायात व्यवस्था (पाँचौ सशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ मा संशोधन : सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

सूचना ६७

## नगर विकास कोष (पहिलो संशोधन) नियमावली, २०७०

नगर विकास कोष नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नगर विकास कोष ऐन, २०५३ को दफा ३६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (२) यी नियमहरुको नाम "नगर विकास कोष (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. नगर विकास कोष नियमावली, २०५४ को नियम ९ मा संशोधन : नगर विकास कोष नियमावली, २०५४ को नियम ९ को उपनियम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।